# धितो लिलाम बिक्रीको पुनः ७ दिने सार्वजनिक सूचना

**(प्रथम पटक मिति २०८१/०१/१८ को ढोरपाटन राष्ट्रिय दैनिकमा प्रकाशित)**
**(दोस्रो पटक मिति २०८१/०४/२२ को चितवन पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित)**
**(तेस्रो पटक मिति २०८१/१२/२१ को समाधान राष्ट्रिय दैनिकमा प्रकाशित)**

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले लिएको ऋण चुक्ता भुक्तानी गर्न पटक-पटक मौखिक तथा लिखित ताकेता गर्दा तथा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सोको वेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको हुँदा कर्जाको सुरक्षणको रूपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्तिः जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्तिमध्ये कुन सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र शिलबन्दी बोलपत्र सम्बन्धित शाखामा दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ०८ औं दिन (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय गैंडाकोट, गैंडाकोट न.पा ०५, नवलपुरमा, दिनको ठीक ४:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लिखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ । साथै ऋणीले कर्जा चुक्ता फछ्र्यौट गरेमा बैंकद्वारा कुनैपनि बखत लिलामीको प्रकृया समाप्त गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | लिलाम बिक्री हुने सम्पत्तीको विवरण |
|---|---|
| **नाम : धन लक्ष्मी किचन गिफ्ट सप्लायर्स**<br>अख्तियार प्राप्त प्रोपाईटरको नाम: धन लक्ष्मी श्रेष्ठ<br>ठेगाना : गैंडाकोट न.पा. २, नवलपुर<br>दर्ता नम्बर : ३४<br>दर्ता मिति : २०७३/०८/२३<br>पान नं. : ६०५५८३३२६<br>दर्ता गरेको कार्यालय : गैंडाकोट नगरपालिकाको कार्यालय<br>ऋणको प्रकार : महिला उद्यमशील कर्जा, व्यापार अधिविकर्ष कर्जा<br>शाखा कार्यालय : गैंडाकोट | जित बहादुर श्रेष्ठको बुहारी, कृष्ण कुमार श्रेष्ठको पत्नि, नवलपरासी जिल्ला, गैडाकोट गा.वि.स. वडा नं. २ (हाल गैंडाकोट न.पा. वडा नं. २, नवलपुर) बस्ने श्रीमति धनलक्ष्मी श्रेष्ठको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय, कावासातीमा दर्ता स्रेस्ता कायम रहेको नवलपरासी जिल्ला गैडाकोट गा.वि.स., वडा नं. २ (हाल गैडाकोट न.पा., वडा नं. २ नवलपुर) स्थित कित्ता नं.: २९३८ क्षेत्रफल ०-१-३-० रोपनीको घर/जग्गा र सो घरजग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत । |
| **व्यक्तिगत धनजमानी दिनेको विवरण** | |
| **१) नाम : धन लक्ष्मी श्रेष्ठ**<br>ठेगानाः गैंडाकोट न.पा. वडा नं. २, नवलपरासी<br>हाल : गैंडाकोट न.पा. वडा नं. २, नवलपरासी<br>ना.प्र.नं. : २०६७७<br>जारी मिति : २०४५/११/२६<br>जारी जिल्ला : नवलपरासी<br>पतिको नाम : कृष्ण कुमार श्रेष्ठ<br>ससुराको नाम : जित बहादुर श्रेष्ठ | **२) नाम : कृष्ण कुमार श्रेष्ठ**<br>ठेगाना : अर्थुङ्खे गा.वि.स. वडा नं. १, म्याग्दी<br>हाल : गैंडाकोट न.पा. वडा नं. २, नवलपुर<br>ना.प्र.नं. : ३२२<br>जारी मिति : २०३७/०७/१५<br>जारी जिल्ला : म्याग्दी<br>बाबुको नाम : जित बहादुर श्रेष्ठ<br>बाजेको नाम : तेज बहादुर श्रेष्ठ |

**लिलाम बिक्रीका शर्तहरु :**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय, पोखरा ८, न्यूरोड तथा शाखा कार्यालयहरु बाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्रका साथ आफूले खरिद गर्न कबोल गरेको रकमको न्यूनतम १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर सलग्न गर्नुपर्ने छ र सो रकमको कुनै व्याज दिइने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।

३. बोलपत्रकर्ता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रकर्ता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/ कम्पनी / फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाण पत्रको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।

४. शिलबन्दी बोलपत्र मिति २०८१/१२/२७ दिनको ४:०० बजे भित्रमा बैंकको सम्बन्धित शाखा कार्यालयमा आइपुग्ने गरि बुझाउनुपर्ने छ । उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालयहरु खुलेको दिनमा बोलपत्र फारम बुझाउनु पर्ने छ । गोप्य सिलबन्दी बोलपत्रहरु मिति २०८१/१२/२८ गते अर्थात ०८ औं दिन दिउसो ४:०० बजे यस बैंकको गैंडाकोट शाखा कार्यालयमा उपस्थित प्रतिनिधिहरु, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ र उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालयहरु खुलेको दिन खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सवै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात् बैंकले तोकेको मिती भित्र यस बैंकमा नगदै जम्मा गरी धितोमा रहेको लिलाम सकार गरेको सम्पत्ति आफ्नो नाममा दाखिला खारेज गराई लिनुपर्ने छ । यसरी बाँकी रकम जम्मा गर्ने समय सीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (घर जग्गा ) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा सम्पूर्ण खर्चहरु सकार गरी लिन स्वयमले व्यहोर्नु पर्नेछ ।

६. बोलपत्र पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वा पुनः सूचना जारी गरी लिलामी प्रक्रियामा जानसक्नेछ ।

७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा नसकेमा धरौटी रकम स्वत : जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात् मात्र धरौटी बापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।

८. धितोमा रहेको सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्णअधिकार यस डेभलपमेन्ट बैंकमा निहित हुनेछ ।

९. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय, पोखरा ०८, न्यूरोड तथा शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

१०. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
**GREEN DEVELOPMENT BANK LTD**
PARTNERING FOR PROSPERITY

**Central Office:**
Pokhara-08, Newroad, Kaski
T: 061-583590, 583634
Email: info@greenbank.com.np
Website:www.greenbank.com.np